काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड
आयोजना कार्यान्वयन निर्देशनालय
अनामनगर, काठमाण्डौ

प.सं.:
च.नं.:

मिति : २०८१/१०/३०

प्रेस विज्ञप्ती

**मेलम्चीको पानीको थोक आपूर्ति प्रणालीको पाइपलाइनमा क्षति**

नेपाल विद्युत प्राधिकरणले विद्युतलाइन भूमिगत गर्ने क्रममा काठमाडौंको बबरमहलमा मूल सडकको वन परिसरतर्फको सडकमुनी बिच्छ्याइएको मेलम्चीको पानीको थोक आपूर्ति प्रणालीको पाइपलाइनमा आज क्षति पुगेको छ ।

आयोजना कार्यान्वयन निर्देशनालय (पी.आई.डी.) बाट वनपरिसर तर्फको सडकमुनी बिच्छ्याइएको मेलम्चीको पानीको थोक आपूर्ति प्रणालीको २० इञ्चको पाइपलाइन नेपाल विद्युत प्राधिकरणको ठेकेदार कम्पनी के.ई.आई. ले निर्देशनालयबाट उपलब्ध गराइएको थोक वितरण प्रणालीको जी.आई.एस. म्यापलाई बेवास्ता गरी कार्य गर्दा पाइप फुटेर क्षति भएको हो ।

वन परिसर अगाडिको सडकमा विद्युतलाइन भूमिगत गर्नका लागि पाइलट ड्रिलिङ पश्चात् रिमिङ गर्दा असावधानीबश मेलम्चीको उक्त पाइपलाइनमा क्षति पुगेको निर्माण कम्पनी के.ई.आई. का सुपरभाइजर अविनाश कुमारले स्वीकार गर्नुभएको छ ।

पी.आई.डी. बाट हस्तान्तरण भई काठमाडौं उपत्यका खानेपानी लिमिटेड (KUKL) बाट संचालनमा रहेको उक्त पाइपलाइनमा हाल मेलम्चीको पानी पठाउन बन्द गरिएको छ र क्षतिग्रस्त पाइपलाइन तत्काल मर्मत गर्न नेपाल विद्युत प्राधिकरणलाई आग्रह गरिएको छ ।

यसअघि, पी.आई.डी. ले काठमाडौं उपत्यकामा विच्छ्याइएका मेलम्चीका थोक वितरण प्रणाली र वितरण सञ्जालका पाइपलाइनमा क्षति नपुग्नेगरी निर्देशनालयसँग समन्वय गरेर मात्र विद्युतलाइन भूमिगत गर्ने, सडक तथा ढल निर्माण/मर्मत गर्ने लगायतका कार्य गर्न सम्बन्धित निकायहरूलाई पटक पटक आग्रह गर्नुका साथै पत्राचार समेत गर्दै आएको थियो ।

यस सम्बन्धी भिडियो लिंक :

https://shorturl.at/xjgmT

(ई. चन्द्रकुमार पाँ श्रेष्ठ)

आयोजना उपनिर्देशक एवम् प्रवक्ता

अनामनगर, काठमाण्डौ फोन नं.: ९७७-१-५७०५९१६/५७०५७७१, ५७०५१४८ www.kuklpid.org.np
फ्याक्स : ९७७-१-५७०५०५७, ईमेल : pidmail@kuklpid.org.np